**HS/XI/A/n/22**

## 2022

## NEPALI

## ( ELECTIVE )

*Full Marks* :100

*Time* : 3 hours

*The figures in the margin indicate full marks for the questions.*

*General Instructions:*

(i) Write all the answers in the Answer Script.

(ii) Attempt Part–A Objective Questions serially.

(iii) Attempt all parts of a question together at one place.

( PART : A–OBJECTIVE )

( *Marks* : 50 )

SECTION–I

( *Marks* : 20 )

1. तलका प्रश्नहरूका बहुविकल्पी उत्तरमध्ये सही उत्तर छानेर लेख : 1 x 5 = 5

(क) 'यौटा भन्दछ यो हो पाजी, अर्को भन्दछ यो छ विराजी।'–यस पङ्क्तिमा 'विराजी' शब्दको अर्थ के हो ?

*(i)* आनन्दमा बस्ने

*(ii)* केही नसुन्ने





*(iii)* दु:ख सहने

*(iv)* तुच्छ प्राणी

(ख) कवि धरणीधर शर्मा कोइराला रचित कविताको नाम के हो ?

*(i)* पिंजराको सुगा

*(ii)* उद्वोधन (जाग-जाग)

*(iii)* जाबीको चरा

*(iv)* भिखारी

(ग) प्रेतको आत्मा भएको र भूतकै दाँजामा पुग्न आँटेको मानिस को हो ?

*(i)* काले

*(ii)* वीरबहादुर

*(iii)* रने

*(iv)* देवताबाबू

(घ) केशवदेव पात्र कुन पाठमा पाइन्छ ?

*(i)* शहीद

*(ii)* माछाको मोल

*(iii)* टाँगन घोडा

*(iv)* पवित्रा

(ङ) 'लोक-साहित्यमा सवाईको स्थान' कसको के हो?

*(i)* जगत छेत्रीको निबन्ध

*(ii)* शिवकुमार राईको कथा

*(iii)* विष्णुराम राईको निबन्ध

*(iv)* गुरुप्रसाद मैनालीको कथा

2. कोष्ठभित्र दिइएका सही शब्द छानेर खाली ठाउँ भर: 1 x 10 = 10

(क) आर्य-गौरव कहाँ रहिजाला,
पुत्र-पौत्रहरूको कुन ________। (हाला / चाला)

(ख) दिन दिनले त्यो छातीमाथि चिरा ________ चिरेका। (फरक्क / चरक्क)

(ग) सबैले आफ्नो आफ्नो ________ जान्या हुन्छ। (काम / नाम)

(घ) प्राय: अधिकतर ________ नै एउटा न एउटा थेगो हुन्छ नै। (पशुको / मानिसको)

(ङ) ________ बसोबास गर्नेलाई चाड़ले स्वदेशको महिमा बुझाउँदछ।
(स्वदेशामा / प्रदेशमा)

(च) जान्ने ________ सङ्गीतको प्रभावले पात्रहरूमा कम्पन समेत पैदा गर्छन्।
(गुरुले / शिष्यले)

(छ) भन्दै यो जाड़ो ________ तिमीलाई पर्खिरहेको पनि धेरै भइसक्यो।
(रातमा / दिनमा)





(ज) फेरि सबै कोलाहल मच्चाउँदै ________ थाले। (हाँस्न / रून)

(झ) खोलो-किनारमा सानो ________ अनि जीवनसंगिनी। (घर / कटेरो)

(ञ) आज चोरले मेरो ट्रंक फोरेर ________ चोरेछ। (रुपियाँ / पैसा)

3. सत्य भनाइमा 'हो' र असत्य भनाइमा 'होइन' लेख : 1 x 5 = 5

(क) 'पिंजराको सुगा' एउटा कथा हो।

(ख) 'भिखारी' कविताका कवि लक्ष्मीप्रसाद देवकोटा हुन्।

(ग) वीरबहादुर देशको निम्ति शहीद भए।

(घ) काले देख्नमा गोरो थियो।

(ङ) 'बिर्सिएको संस्कृति' निबन्धका लेखक एम. एम. गुरूंग हुन्।

## SECTION–II

( *Marks* : 30 )

4. तलका कुनै पाँच प्रश्नहरुका उत्तर चार / पाँच वाक्यमा लेख : 3 x 5 = 15

(क) पिंजराको सुगाले कसरी आफ्नो दु:ख पोखेको छ?

(ख) निर्झरले कसरी सारा प्राणीको जीवनीभित्र जीवन भरेको छ?

(ग) डल्लीलाई लेखिएको चिठीको सार-अंश कस्तो थियो?

(घ) रनेले माछाको झुत्ता लिएर बजारतिर लगेपछि केके भयो ?

(ङ) मालिकले किन कालेलाई दुइ रुपियाँ दिए ?

(च) कवि र व्याकरणाचार्यबीच श्रेष्ठ स्थान कसलाई, किन दिइएको छ ?

(छ) पौराणिक कथानुसार शुरुमा नाटक कहाँ खेलिन्थ्यो ? त्यहाँ कस्ता खालका नाटक खेलिन्थो ?

5. (क) पर्यायवाची शब्द लेख (दुइ–दुइवटा) : 3

घाम, हावा, रुख ।

(ख) विपरीतार्थक शब्द लेख : 3

वन, सानो, मोटो, रोग, बालक, जूठो।

(ग) अनेकार्थक शब्द लेख (दुइ–दुइवटा) : 3

छोरी, अङ्क, वर।

(घ) सार शब्द लेख : 3

*(i)* जसलाई देख्न सकिंदैन।

*(ii)* जसले ईश्वर मान्छ।

*(iii)* गाई–गोरु बाँध्ने ठाउँ।

(ङ) तलका वाक्य शुद्ध पारेर लेख : 3

*(i)* शिक्षाको छैन जरुरत मलाई यस तिम्रो।

*(ii)* आवश्यकता रहन्न अरुको उत्तरको उसलाई।

*(iii)* ठूलो छ भरोसा वक्तव्यमाथि आफ्नै उसलाई।





## ( PART : B – DESCRIPTIVE )

( *Marks* : 50 )

6. सप्रसङ्ग व्याख्या गर: 6

नित्य निरन्तर नबसी काहीं कत्ति नथाकी दिक्क नमानी
रत्ति नभुली पथमा आफ्नो खुरुखुरु जान्छौ सरिता सानी!
खुरुखुरु जान्छौ सुरुसुरु जान्छौ कहीं रोडामा ठक्कर खान्छौ
धुरुधुरु रुन्छौ आँसु बगाइ नित्य यसरी नबसी जान्छौ!

अथवा

भाषा मन्दिरको बुनियादलाई ठोस बनाउने बज्रकर्मी यदि व्याकरणाचार्य हो भने त्यस भाषा मन्दिरको मजुर, ढोका, झ्याल, खाँबोमा बुट्टा भर्ने शिल्पी हुन् लेखक औ कवि।

7. 'अधर्म भन्नु छैन, कालेले यो घोड़ाको भन्दामा प्राण त्यजेको छ।' – यस वाक्यलाई स्पष्ट पार। 7

अथवा

'शहीद' कथाको मुख्य पात्र वीरबहादुर कसरी शहीद हुन्छ ? बुझाएर लेख।

8. मारूनी नाचलाई किन सबैको प्यारो मानिएको छ ? बुझाएर लेख। 7

अथवा

लोक–साहित्यमा सवाईको स्थान किन प्रमुख छ ? निबन्ध को आधारमा विस्तार गर।

9. 'जाबीको चरा' अथवा 'मानिस छैनन्' कविताको सारांश लेख। 6

10. परीक्षामा उच्च अङ्क हासिल गरेर सफल भएकोमा आपनी आमालाई एउटा पत्र लेख। 6

**11.** तलको कुनै एउटा विषयमा निबन्ध लेखः 10

(क) बाल्यकाल

(ख) मातृभाषाको महत्व

(ग) परिश्रमको फल

(घ) तिम्रो जीवनको उद्देश्य

(ङ) आदिकवि भानुभक्त

**12.** शीर्षक दिंदै तलको अनुच्छेदको सारांश लेखः 8

पशुप्राणीसँग नदीको घनिष्ठ सम्बन्ध छ। जुन-जुन ठाउँबाट नदी बगेको हुन्छ ती-ती ठाउँमा नदीका दुवैतिर अनेकौं गाउँ-बस्ती, शहर र खेतहरु देख्न पाइन्छन्। नदीका दुवै किनारमा धरती माताले आफ्नो हरियो आँचल फिँजाएकी हुन्छिन्। गरीबका झुप्रादेखि लिएर धनीका ठूल्ठूला भवन नदीकै किनारका छेउमा तयार गरिएका हुन्छन्। नदीको एकातिर जहाँ चिहान छन् त्यहीं अर्का तिर देवताका मन्दिर छन्। नदीको कलकल ध्वनिसँग मानिसको हाँसो, खैलाबैला र रूवाइ एकाकार भएका हुन्छन्। नदीबाट उत्पन्न भएको बिजुलीले हामीलाई उज्यालो दिएको छ र कलकारखाना चालाउनमा सहायता गरेको छ। यसकारण नदीलाई निस्सन्देह आमासँग तुलना गर्न सकिन्छ।

★★★